
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत १७ गते शुक्रबार ❑ 31 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## हिमाल सफाइमा लागेको टोलीलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

अन्नपूर्ण हिमालको सफाइका लागि जान लागेको नेपाली सेनाको टोलीलाई पोखरा महानगरपालिकाले रु १५ लाख सहयोग गर्ने भएको छ।



महानगरपालिकाका प्रमुख धनराज आचार्यले सफाइ टोलीको नेतृत्व गर्नुभएका क्या.भीमबहादुर भुजेललाई महानगरपालिकाको लोगो अङ्गित झण्डा हस्तान्तरण सो सहयोग गर्न जानकारी दिनुभयो । प्रमुख आचार्यले पोखराको पहिचानसँग जोडिएका हिमालको सफाइ अभियानमा पोखरा महानगरपालिका साथ मै रहेको बताउनुभयो। "पोखरा माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरि लगायतका हिमश्रृङ्खलाको काखमा रहेको सहर हो। हिमाल विनाको पोखरा हामी कल्पनासम्म पनि गर्न सक्दैनौँ", आचार्यले भन्नुभयो । पछिल्लो समय हिमालमा बढेको मानवीय गतिविधिका कारण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## ३० जना बालक छनौट गर्दै सहारा क्लव

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

के तपाईका बालकहरु तथा आफन्त कठिन परिस्थिती र विपन्न बर्गका हुनुहुन्छ। यदि हुनु हुन्छ भने के तपाईका वालकहरुले आफ्ना आमा बाबु वा दुई मध्य एक गुमाउनु भएको छ २०७१ वैशाख देखि चैत मसान्तर भित्र जन्म भएका ९ बर्ष पूरा भएका तर १० बर्ष ननाघेका बालकहरु फुटवल खेलमा रुचि छ भने सहारा क्लवले सहारा दिने भएको छ।

सहारा क्लवले सहारा मात्र दिदैन तपाईका छोराहरुलाई प्लस टु सम्मको शिक्षा, छात्रबास सेवा सुविधा जहाँ फुटवल एकेडेमी अनुभवी प्रशिक्षकबाट फुटवल खेलाडी समेत हुने अवसर रहेको छ। पोखराको एक प्रतिष्ठित क्लव सहारा क्लवले आगामी नयाँ शैक्षिक सत्र २०८० सालदेखि पुनः चौथो व्याजको रुपमा देश भरीबाट ३० जना वालकहरुलाई सहारा फुटवल एकेडेमीमा राख्ने तयारी गरेको हो । विगत २०५८ साल देखि संचालन गर्दै आएको सहारा एकेडेमी आगामी बर्षको लागि चौथो व्याजको रुपमा विभिन्न मापदण्डका आधारमा बालकहरु छनौट गरी फुटवल एकेडेमीमा शिक्षा दिक्षा तथा भरणपोष गर्ने तयारी गरिएको सहारा क्लवले विहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

बाबु आमा क र ख बर्गको अपाङगता भएको, कक्षा ५ मा अध्ययनरत भएको, शारीरिक रुपमा तन्दुरुस्त भई कुनैपनि अपाङगता नभएको वालकहरुलाई छनौट गरिने भएको क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए । आवश्यक पर्ने थप केही काजपत्र सहित यही चैत मसान्तर भित्र इच्छुक बालक आफन्तहरुले क्लवमा सम्पर्क गर्न क्लवले आव्हान गरेको छ।

सहारा एकेडेमी संचालन गर्न हाल मुख्य आयश्रोत भनेको बार्षिक रुपमा सुर्य बहादुर के.सि. परिवारजनबाट प्राप्त हुने १५ लाख रहेको क्लवले जनाएको छ। त्यसै गरी हरेक बर्ष आयोजना हुने आहा रारा पोखरा गोल्ड कप, देउसी भैलो कार्यक्रम, विभिन्न शुभेच्छुक शुभचिन्तक दाता र बिषेश गरी सहारा यूके, सहारा हङकङ, सहारा अष्ट्रेलियाबाट सहयोग प्राप्त भएको अध्यक्ष सुरजले जनाए । त्यसका साथै क्लवले केही समय अघि सुरु गरेको सहारा एकेडेमी अक्षयकोषको रकमबाट बार्षिक करिब १५ लाख रुपैया उपलब्ध हुने भएको क्लवले जनाएको छ। क्लवका अध्यक्ष सुरजले भने " पछिल्लो समयमा फुटवलको क्रेज घट्दो रुपमा रहेको छ, फुटवल प्रतियोगिताहरुमा दर्शक कम आउन थाले, अब आहा रारा पोखरा गोल्ड कपले सहारा एकेडेमी धान्न सकिने अबस्था छैन त्यसको बिकल्प खोज्नु पर्छ हामीले। " गत बर्षको गोल्ड कपबाट घाटा हुन सुरु भएको यसै चालु बर्षमा भएको उक्त गोल्ड कपबाट समेत नाफा हुने सम्भावना निकै कम भएको क्लवले जनाएको छ।

क्लवले एकेडेमी दिगो व्याबस्थापनको लागि स्थापना गरेको अक्षयकोषमा हालसम्म २ करोड ४० लाख रुपैया संकलन भएको अध्यक्ष सुरजले बताए । उनले भने "हामीले कतिन्जेल सहयोगिहरुको हात थाप्ने सक भर अब हामी आफै आत्मनिर्भर हुनु पर्छ भन्ने मान्यताले गर्दा अक्षयकोष स्थापना गरेका हौं, अझै यसलाई केही रकम संकलन गर्ने योजनामा रहेका छौं । " क्लवको एकेडेमीबाट पूर्व राष्ट्रिय खेलाडी अनिल गुरुङ, त्यसै गरी नेपाल पुलिस क्लवका अजित भण्डारी, नेपाली सेनामा कार्यरत नविल श्रेष्ठ, नेपालको ए डिभिजन सातदोबाटो क्लबमा अनुबन्धित शुशिल लामा, मनाङ मर्स्याङ्दी क्लवका अनिल पोम लिम्बुले फुटवल खेलमा उत्कृष्ट खे प्रर्दशन गर्दै आएको क्लवले जनाएको छ। तेश्रो व्याजमा १६ जिल्लाका २८ जना बालकहरु रहे पनि हाल क्लवमा १३ जना बालकहरु कक्षा १२ को अन्तिम परिक्षा दिएसंगै विदाई हुने क्रममा रहेको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताए । हाल सहारा फुटवल एकेडेमीका प्रल्हाद हिराचन, हालका उदयमान प्रशिक्षक बिष्णु गुरुङ, पूर्व राष्ट्रिय यू १९ का खेलाडी लक्ष्मण जिसी एकेडेमीका उत्पादन भएको क्लवले जनाएको छ । नेपाली फुटवल खेलका खेलाडी एवं प्रशिक्षक स्व.डम्बरसिंह गुरुङ, पूर्व राष्ट्रिय खेलाडी स्व.बिल तामाङ, पूर्व राष्ट्रिय प्रशिक्षक किरण श्रेष्ठले एकेडेमीमा प्रशिक्षण गराएको महासचिव अधिकारीले बताए।

आत्म साक्षी राखि मन वचन र कर्मले सामाजिक सेवा गरौं भन्ने नाराका साथ २०५५ सालमा स्थापना भएको क्लवको शाखा हाल वेलायत, हङकङ हुदै अष्ट्रेलियासम्म पुगेको छ।

पोखरा १७ दोविल्लामा करिब २ करोड भन्दा बढी लागतमा आवासिय सहिको फुटवल एकेडेमी सहिको आवासिय सुविधान सम्पन्न फुटवल मैदान समेत रहेको छ। २०६३ सालमा दोविल्लामा एकेडेमीको लागि जग्गा गरिद गरिएको पूर्व अध्यक्ष बिक्रम थकालीले बताए। पछिल्लो समयमा फुटवलको क्रेट घट्दै जादा आहा रारा पोखरा गोल्ड कपबाट खासै नाफा गर्न नसकेको बरिष्ठ उपाध्यक्ष केशवराज बरालले बताए। क्लवका अध्यक्ष सुरजको अध्यक्षतामा सम्पन्न भएको थियो।

## अर्थशास्त्री वाग्लेद्वारा कांग्रेस पार्टी छाडेको घोषणा

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

अर्थशास्त्री डा स्वर्णिम वाग्लेले नेपाली कांग्रेस पार्टी छाडेको घोषणा गर्नुभएको छ।

सामाजिक सञ्जाल फेसबुकमा उहाँले भन्नुभएको छ, "विसं २०४२ को 'सत्याग्रह' र २०४६ को जनआन्दोलनदेखिको मेरो संलग्नता एवं ५० वर्षदेखिको पारिवारिक विरासत गाँसिएको नेपाली कांग्रेस पार्टीबाट अलग



हुने निर्णय गरेको छु, त्यस पार्टीभित्र ३० वर्षदेखि परोक्ष र गत १० वर्षदेखि प्रत्यक्षरूपमा आर्थिक नीति र योजना, बौद्धिक-सैद्धान्तिक विमर्श र प्रशिक्षण एवं अन्तर्राष्ट्रिय वैधताको विस्तारमा उल्लेख्य योगदान गरेँ ।" उहाँले सुशासनको जगमा स्वच्छ लोकतन्त्र र आर्थिक उन्नतिको एजेण्डा बोक्दै विसं २०८० को सुरुआतसँगै नयाँ सार्वजनिक भूमिकामा सक्रिय रहने बताउनुभएको छ।

## एसइई परीक्षाको तयारी पूरा, करिब पाँच लाख सहभागी हुँदै

रासस
काठमाडौं, १६ चैत

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्पूर्ण तयारी पूरा भएको छ । भोलि बिहान ८ बजेदेखि देशभर एकैसाथ सुरु हुने राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिनुभयो।

"परीक्षाको सबै तयारी पूरा भइसकेको छ, ७७ वटै जिल्लाका सबै जिम्मेवार निकायसँग अनलाइनमार्फत् बैठक सम्पन्न भएको छ", उहाँले भन्नुभयो, "परीक्षा शान्तिपूर्ण, मर्यादित र व्यवस्थित रुपमा सम्पन्न गराउन सबैमा आह्वान गर्दछौ।" उहाँले सबै परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष नियुक्ती, सुरक्षा व्यबस्था, जनशक्ति परिचालन, प्रश्नपत्र र उत्तर पुस्तिका पुरयाउनेलगायतका सबै काम सकिएको जानकारी दिनुभयो।

एसइईका परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयको आयोजनामा सात प्रदेशका प्रदेश सरकारका शिक्षा हेर्ने मन्त्रालयका सचिवहरु, सातै प्रदेशका शिक्षा बिकास निर्देशनालयका निर्देशकहरु, ७७ वटै जिल्लाका शिक्षा बिकास तथा समन्वय इकाईका प्रमुखहरु, राष्ट्रिय परीक्षा बोर्डका प्रदेश र शाखा कार्यालयका प्रमुखहरु, बोर्डका अध्यक्ष, सदस्य सचिव, परीक्षा नियन्त्रण, उपनियन्त्रक कर्मचारीलगायतको भर्चुअल बैठक सम्पन्न भएको बताउनुभयो । उहाँले प्रत्येक प्रदेशमा प्रदेश सचिवको अध्यक्षतामा गठन भएका प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले बोर्डको निर्देशनको परिधिभित्र रहेर प्रदेश भित्रका परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्ने बताउनु भयो । त्यस्तै प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारी प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख सदस्य सचिव, जिल्लाका सुरक्षानिकायकाप्रमुखहरुलगायत रहने गरी गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिले परीक्षा केन्द्रमा केन्द्राध्यक्ष नियुक्ती, सरोकारवालालाई प्रशिक्षण गर्ने, प्रश्नपत्र प्रहरी निकायसम्म पुऱ्याउने, उत्तरपुस्तिका परीक्षा केन्द्रसम्म पुऱ्याउने र आवश्यक समन्वय गर्ने कामसमेत पूरा भएको उहाँको भनाइ छ।

एसइई परीक्षाका सहभागिता जनाउनका लागि यसवर्षका लागि परीक्षामा सहभागि हुन २०७८ मा कक्षा नौमा रजिस्ट्रेशन भर्ने विद्यार्थी पाँच लाख १६ हजार ५९१ जना रहे पनि कक्षा १० सम्म आइपुग्दा भने परीक्षाका लागि आवदेन दिनेमा कूल चार लाख ८४ हजार २२७ जनाले फारम भरेका थिए । परीक्षा नियन्त्रक श्रेष्ठका अनुसार कक्षा नौबाट १० मा आउँदा ३२ हजार ३६४ विद्यार्थी घटेको जानकारी दिनुभयो।

परीक्षामा सबैभन्दा धेरै बागमती प्रदेशमा एक लाख छ हजार नौ सय ५९ विद्यार्थी र सबैभन्दा कम कर्णाली प्रदेशमा ४१ हजार तीन सय २९ परीक्षार्थी सहभागी हुँदैछन् । प्राविधिक धारतर्फ करिब १५ हजार विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । परीक्षामा संस्कृत विषय पढाइ हुने ६५ विद्यालयका दुई हजार नौ सय ८२ विद्यार्थी र ५० जना दृष्टिविहीन परीक्षामा सहभागी हुँदैछन् । यस वर्ष सात हजार दुई सय सामुदायिक र चार हजार पाँच सय ६४ संस्थागत गरी ११ हजार आठ सय २ ९ विद्यालय एसइईमा सहभागी हुँदैछन् । परीक्षाका लागि देशका ७७ जिल्लामा दुई हजार ३६ परीक्षा केन्द्र र जापानमा एक गरी कूल दुई हजार ३७ वटा परीक्षा केन्द्र निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो।

त्यस्तै वागमती प्रदेशमा सबैभन्दा बढी ४३४ परीक्षा केन्द्र र कर्णाली प्रदेशमा सबैभन्दा कम १७९ परीक्षा केन्द्र कायम गरिएको छ । कोशी प्रदेशमा ३७८, मधेस प्रदेशमा २७९, गण्डकी प्रदेशमा २२३, लुम्बिनी प्रदेशमा ३३४ र सुदूरपश्चिम प्रदेशमा २०९ परीक्षा केन्द्र निर्धारण गरिएको छ । एसइईमा अघिल्लो वर्ष देशभरबाट पाँच लाख १८ हजार १८५ विद्यार्थीले आवेदन दिएपनि परीक्षामा भने चार लाख ९५ हजार ६४८ जना परीक्षामा सहभागी भएका थिए।

परीक्षा नियन्त्रक श्रेष्ठले विद्यार्थीलाई कुनै डरत्रास नलिई ढुक्क भएर परीक्षा दिन आग्रह गर्नु भएको छ । परीक्षा केन्द्रमा परीक्षामा लैजान नहुने कुनै पनि बस्तु लगेको पाइएमा र जबर जस्ती गर्न खोजेमा वा केन्द्रमा खटिएका कर्मचारीबाट कुने गलत गतिविधि भएका प्रचलित कानून अनुसार कारबाही हुने बताउनु भयो।

परीक्षा केन्द्रमा अत्यन्तै सीमित, आवश्यक र तोकिएका व्यक्ति परीक्षा समितिको अनुमति लिएर मात्रै अनुगमन गर्न पाइने भएको छ। परीक्षा हलभित्र कुनै पनि तस्बिर लिन नपाइने भएको छ । यस पटक सञ्चारकर्मीलाई पनि परीक्षा केन्द्रका बाहिरको गतिविधिहरुको तस्बिर लिन पाइने तर परीक्षा सुरु भएपछि परीक्षा हलभित्र गएर तस्बिर लिन नपाइने व्यवस्था गरेको परीक्षा नियन्त्रक श्रेष्ठले जानकारी


बाँकी अन्तिम पृष्ठमा ▶▶

## आत्मानन्द गिरीजीद्वारा पीठाधीशको गद्दी आरोहण

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

पोखरा महानगरपालिका वडा नं २७, २९ र ३३ को त्रिवेणी मदौरुकुना मदौरुघाटस्थित नर्मदेश्वर मोक्षाश्रमधामको पीठाधीशका रूपमा अन्नत श्री विभूषित महामण्डलेश्वर आत्मानन्द गिरीजी महाराजले आज गद्दी आरोहण गर्नुभएको छ । नर्मदेश्वर मोक्षाश्रमधाम संरक्षण समितिको विशेष साधारणसभाद्वारा पीठाधीशको जिम्मेवारी प्रदान गर्ने निर्णय

बाँकी अन्तिम पृष्ठमा ▶▶



# कांग्रेसले तनहुँमा भट्टराई र चितवनमा श्रेष्ठलाई उम्मेदवार बनाउने

रासस
काठमाडौं, १६ चैत

नेपाली कांग्रेसले आगामी वैशाख १० मा हुने लागेको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा तनहुँ क्षेत्र नं १ मा नेता गोविन्द भट्टराई र चितवन क्षेत्र नं २ मा नेता जीतनारायण श्रेष्ठलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । पार्टी केन्द्रीय कार्यालय सानेपामा आज बिहान बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले सो क्षेत्रमा केन्द्रीय सदस्य भट्टराई र पूर्वजिल्ला सभापति श्रेष्ठलाई उम्मेदवार बनाउने निर्णय गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । बारा क्षेत्र नं २ मा भनेपछि निर्णय गरिनेछ ।

तनहुँ-१ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रामचन्द्र पौडेल राष्ट्रपति भएपछि र बारा-२ बाट निर्वाचित रामसहायप्रसाद यादव उपराष्ट्रपति भएपछि सो स्थान रिक्त भएको हो ।

यसैगरी चितवन-२ बाट निर्वाचित रवि लामिछाने नागरिकताको विवादमा परेपछि सो स्थान रिक्त भएको हो । निर्वाचन आयोग नेपालले तीन वटै निर्वाचन क्षेत्रमा वैशाख १० गते उपनिर्वाचन गर्ने तयारी गरेको छ ।

## एसइई...

दिनुभयो । उहाँले भन्नुभयो, “अनुगमन तथा तस्बिर लिने नाममा परीक्षा हलभित्र मानिस पस्दा विद्यार्थीको मनोबल गिर्छ, परीक्षार्थीलाई अवरोध हुने गरी तस्बिर लिँदा, विद्यार्थी टोलाउने, को आयो भनेर हेर्दा लेखिरहेको उत्तर पनि बिग्रने सम्भवना र गुनासा आएकाले यसवर्ष परीक्षा हलभित्र तस्बिर दिन नपाइने व्यबस्था गरेका छौँ ।” विद्यार्थीका लागि एक मिनेट, एक सकेण्डको पनि महत्व हुने भएकाले परीक्षा हलभित्र तोकिएको व्यक्ति र परीक्षा समिति तथा सम्बिन्धत निकायको व्यक्ति बाहेक पसेर अन्यलाई अनुगमन तथा तस्विर लिने नाममा जथाभावी परीक्षा हलमा नपठाइने भएको हो ।

एसइई परीक्षाका लागि देशभरका परीक्षा केन्द्रमा ७८ हजार जनशक्ति परिचालन हुने भएका छन् । प्रत्येक परीक्षा केन्द्रमा परीक्षा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षा सहायक, सुरक्षाकर्मी, कर्मचारी, सहयोगी गरी करिब ७८ हजार जनशक्ति परिचालन हुने नियन्त्रक श्रेष्ठले जानकारी दिनुभयो । परीक्षाका लागि आवश्यक प्रश्नपत्र र उत्तर पुस्तिका जनक शिक्षा सामग्री केन्द्रमा छपाई सकेर जिल्ला जिल्लामा पुऱ्याइसकिएको छ । यसवर्षको परीक्षामा ५० लाख सेट प्रश्नपत्र छपाइ गरिएको छ । राष्ट्रिय परीक्षा बोर्डले प्रदेशगत रूपमा फरक-फरक सेट प्रश्नपत्र छपाइ गरी सोहीअनुसार ढुवानी गरिएको हो । विद्यार्थीको अनुपातमा करिब १० प्रतिशत बढी प्रश्नपत्र छपाइ भएको जनक शिक्षाले जनाएको छ । एसइई परीक्षा चैत १७ गतेबाट २९ गतेसम्म सञ्चालन हुनेछ । परीक्षा बिहान ८ बजे सुरु भएर ११ बजेसम्म हुनेछ । परीक्षाको पहिलो दिन चैत १७ गते शुक्रबार अनिवार्य अंग्रेजी विषयको परीक्षा हुने र सोही दिन वेदविद्याश्रम तर्फ अनिवार्य संस्कृत भाषा, साहित्य र अनिवार्य अंग्रेजीको परीक्षा हुने बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिनु भयो ।

त्यसैगरी चैत १९ गते आइतबार अनिवार्य गणित, चैत २० गते सोमबार अनिवार्य नेपाली र गैर नेपाली विद्यार्थीका लागि अग्रेजीको परीक्षा हुनेछ । त्यसैगरी चैत २२ गते बुधबार अनिवार्य विज्ञान र वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत व्याकरण तथा अनुवादको परीक्षा हुने भएको छ । चैत २३ गते बिहिबार अनिवार्य सामाजिक अध्ययन तथा प्राविधिकतर्फ फार्म म्यानेजमेण्ट एण्ड मार्केर्टिङ, इञ्जिनियरिङ ड्रइङ्, कम्प्युटर रिपियरिङ र मेन्टिनेन्स तथा बेसिक म्युजिकको परीक्षा हुने भएको छ । यसैगरी चैत २४ गते शुक्रबार अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा, वेदविद्याश्रम तर्फ कर्मकाण्ड, फलित ज्योतिष, संस्कृततर्फ अनिवार्य संस्कृत भाषा, प्राविधिकधारतर्फ जलीयकृषि तथा मत्स्यपालन, इलेक्ट्रिकल म्यानेजमेण्ट एण्ड इन्स्टल्मेण्ट, कम्प्युटर नेटवर्किङ्, इञ्जिनियरिङ सर्भेईङ्ग र म्यूजिक अफ नेपालको परीक्षा हुनेछ । यस्तै चैत २५ गते शनिबार साधारण तथा संस्कृततर्फ : ऐच्छिक प्रथमपत्रका सबै विषयहरु, वेदविद्याश्रम तर्फ वेद तथा नीति शास्त्र र प्राविधिकतर्फ ऐच्छिक गणितको परीक्षा हुनेछ ।

चैत २६ गते आइतबार साधारण तथा संस्कृततर्फ ऐच्छिक द्वितीयपत्रका विषयहरु, वेदविद्याश्रमतर्फ ऐच्छिक द्वितियपत्रका सबै विषयहरु, प्राविधिक धारतर्फ भेजिटेवल एण्ड मेडिसिनल प्लाण्ट प्रोडक्सन, डेरी एण्ड डेरी प्रडक्सन, युटिलाईजेसन अफ इलेक्ट्रिक इनर्जी, डाटावेस म्यानेजमेण्ट सिष्टम, बिल्डिङ्ग कन्स्ट्रक्सन, म्युजिक टेक्नोलोजीको परीक्षा हुनेछ ।

## आत्मानन्द..

गरेकामा आज उहाँले साधुसन्त परम्पराअनुसार गद्दी आरोहण गर्नुभएको हो । विशेष साधारणसभाको निर्णयानुसार पीठाधीशकै अध्यक्षतामा आजै १५ सदस्यीय कार्यसमिति चयन गरिएको छ । समितिको उपाध्यक्षमा रिषवानन्द स्वामी, सचिवमा माधव भण्डारी, सहसचिवमा शङ्करप्रसाद पौडेल, कोषाध्यक्षमा विष्णु गौतम, सहकोषाध्यक्षमा सुकमाया सुनारलगायत रहनुभएको छ। धामको निवर्तमान समितिका अध्यक्ष झविन्द्रराज आचार्य सल्लाहकार रहनुभएको छ । कार्यक्रममा नेपाल सन्त समाजका अध्यक्ष १००८ स्वामी ज्ञानानन्दजी महाराजले नर्मदेश्वर मोक्षश्रमधामको धार्मिक एवं ऐतिहासिक महत्त्वलाई जोगाउनुपर्ने बताउनुभयो ।

# नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठन कास्कीको अध्यक्षमा पार्वती पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठन कास्की जिल्लाको प्रथम अधिवेशनबाट पार्वती पाण्डेको अध्यक्षतामा नयाँ कार्य समिति चयन भएको छ ।

‘सम्पदा संरक्षण र गन्तब्य पहिचानः पर्यटकीय राजधानी गण्डकीको स्वाभिमान’ भन्ने नाराका साथ स्थापना भएको संगठनको प्रथम अधिवेशनबाट अध्यक्षमा पाण्डेलाई निर्विरोध निर्वाचित गरेको हो । अधिवेशनले उपाध्यक्षमा गुरुप्रसाद त्रिपाठी, सचिवमा कुलप्रसाद तिवारी, सहसचिव श्याम प्रसाद पौडेल (राजु) र कोषाध्यक्षमा रमेशराज अधिकारीलाई निर्वाचित गरेको छ । यसैगरी सदस्यमा शोभाखर तिवारी, ममता न्यौपाने, अर्जुन सुवेदी, सुनिता पहारी गैह्रे, शिव थापा, सरस्वती ढुंगाना, सरा बोगटी, विष्णु पहारी, मिठुदेवी लामिछाने, शिवराज अधिकारी, धनप्रसाद गुरुङ र शेरकाजी गुरुङ निर्वाचित हुनुभएको छ ।



अधिवेशनको उद्घाटन सत्रमा प्रतिनिधि सभा सदस्य मनबहादुर गुरुङले आर्थिक समृद्धिको आधार पर्यटन भएकाले यसको व्यवसायिक प्रवर्द्धनको लागि सबैको साझा सोच र अग्रसरताको आवश्यता रहेको बताउनुभयो । उहाँले कुनै कच्चा पदार्थ विनानै उद्योग सञ्चालन गर्न सकिने पर्यटन उद्योग भएकाले यहाँ रहेका हिमश्रृंखला, ताल तलैया लगायत प्राकृतिक सम्पदालाई संरक्षण र सम्बद्धनमा गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले पर्यटनमैत्री नीतिका लागि आफुले पहल गर्ने बताउँदै नेपालको अर्थतन्त्रमा पर्यटनबाट टेवा पुऱ्याउने गरी पर्यटकीय गतिविधिमा जोड दिन आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशका प्रदेश सभा सदस्य देवका पहारीले पर्यटन प्रवर्द्धन र विकासका लागि भइरहेका स्रोत साधनको समुचित प्रयोग गरेर एकिकृत सोचका साथ काम गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले पोखरा पर्यटनको राजधानी भएकाले र अन्तराष्ट्रिय विमानस्थल समेत भएकाले व्यवसायिक एकता र पर्यटकीय हवको रुपमा विकास गर्नुपर्ने खाँचो औल्याउनुभयो ।

कार्यक्रममा संगठनका केन्द्रिय उपाध्यक्ष केदारनाथ शर्मा, गण्डकी प्रदेश अध्यक्ष चिरञ्जीवी पोखरेल, सल्लाहकार सुर्य भुजेल, उद्योग तथा व्यवसाय राष्टिय महासंघ गण्डकी प्रदेश अध्यक्ष सञ्जीवबहादुर कोइराला, नेकपा एमाले जिल्ला सचिव तथा जिल्ला संगठन विभाग प्रमुख बैनबहादुर क्षेत्री, एमाले महानगर कमिटि अध्यक्ष दिलिप न्यौपाने लगायतले पछिल्लो समय पर्यटन क्षेत्रमा देखिएका समस्याका कारण पर्यटन व्यवसायी भोग्नु परेको कठिनाइ, व्यवसायिक हक हित र आगामी दिनमा संगठनले अपनाउनु पर्ने रणनीतिका बारेमा आआफ्नो धारणा राख्नुभएको थियो । सो अवसरमा हालै मात्र साउथ अमेरिकाको आकाङ्कुवा हिमाल आरोहण गरेर फर्कनु भएकी पथप्रर्दशक र हिमाल आरोही महिला मनु गुरुङलाई नेपालको पर्यटनलाई विश्वसामु चिनाउन महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सम्मान समेत गरिएको थियो ।

संगठनका प्रदेश उपाध्यक्ष जमुना पराजुली , सचिव मिलन तिवारीले संगठनका गतिविधि र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

## हिमाल...

वातावरण प्रदूषण गम्भीर चिन्ताको विषय भएको उहाँको भनाइ थियो । नेपाली सेनाको पश्चिम पृतना विजयपुरका पृतनापति दीपककुमार बानियाँले नेपाली सेनाको स्वच्छ हिमाल अभियानअन्तर्गत यस वर्ष अन्नपूर्ण हिमालको सफाइ गर्न लागिएको बताउनुभयो । हिमाल र ती हिमालको आधारशिविरमा बढीरहेकोमानवीयक्रियाकलापका कारण थुप्रिएको फोहर व्यवस्थापन वातावरणीय दृष्टिकोणले पनि चुनौती र चिन्ताको विषय बनिरहेको उहाँले उल्लेख गर्नुभयो ।

सगरमाथाबाट सुरु गरिएको सफा हिमाल अभियानलाई आठ हजार मिटरभन्दा माथिका सबै हिमालमा सञ्चालन गरिने उपरथी बानियाँले बताउनुभयो । यसअघि नेपाली सेनाले २०२१ मा धौलागिरि र सन् २०२२ मा मनास्लु हिमालको सफाइ गरिसकेको छ । अन्नपूर्ण हिमाल आरोहण गर्ने बढ्नु र हिमालमा धेरै फोहर थुप्रिदा शेर्पाको सुझावका आधारमा १० जनाको टोलीले सफाइ अभियान सञ्चालन गर्न लागेको जनाइएको छ ।

# हिमाल सफाइमा लागेको टोलीलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

अन्नपूर्ण हिमालको सफाइका लागि जान लागेको नेपाली सेनाको टोलीलाई पोखरा महानगरपालिकाले रु १५ लाख सहयोग गर्ने भएको छ ।

महानगरपालिकाका प्रमुख धनराज आचार्यले सफाइ टोलीको नेतृत्व गर्नुभएका क्या.भीमबहादुर भुजेललाई महानगरपालिकाको लोगो अङ्कित झण्डा हस्तान्तरण सो सहयोग गर्न जानकारी दिनुभयो । प्रमुख आचार्यले पोखराको पहिचानसँग जोडिएका हिमालको सफाइ अभियानमा पोखरा महानगरपालिका साथ मै रहेको बताउनुभयो । “पोखरा माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरि लगायतका हिमश्रृ‍ंखलाको काखमा रहेको सहर हो । हिमाल विनाको पोखरा हामी कल्पनासम्म पनि गर्न सक्दैनौँ”, आचार्यले भन्नुभयो ।

पछिल्लो समय हिमालमा बढेको मानवीय गतिविधिका कारण वातावरण प्रदूषण गम्भीर चिन्ताको विषय भएको उहाँको भनाइ थियो ।

नेपाली सेनाको पश्चिम पृतना विजयपुरका पृतनापति दीपककुमार बानियाँले नेपाली सेनाको स्वच्छ हिमाल अभियानअन्तर्गत यस वर्ष अन्नपूर्ण हिमालको सफाइ गर्न लागिएको बताउनुभयो । हिमाल र ती हिमालको आधारशिविरमा बढीरहेकोमानवीयक्रियाकलापकाकारण थुप्रिएको फोहर व्यवस्थापन वातावरणीय दृष्टिकोणले पनि चुनौती र चिन्ताको विषय बनिरहेको उहाँले उल्लेख गर्नुभयो ।

सगरमाथाबाट सुरु गरिएको सफा हिमाल अभियानलाई आठ हजार मिटरभन्दा माथिका सबै हिमालमा सञ्चालन गरिने उपरथी बानियाँले बताउनुभयो । यसअघि नेपाली सेनाले २०२१ मा धौलागिरि र सन् २०२२ मा मनास्लु हिमालको सफाइ गरिसकेको छ । अन्नपूर्ण हिमाल आरोहण गर्ने बढ्नु र हिमालमा धेरै फोहर थुप्रिदा शेर्पाको सुझावका आधारमा १० जनाको टोलीले सफाइ अभियान सञ्चालन गर्न लागेको जनाइएको छ ।


◆मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
◆यस्ता बस्तुको उपभोग नगरौं/नगराऔं ।
◆मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाईन कानून व्यवस्था छ ।
◆कानूनको पूर्णरुपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# राम नवमीको महत्व

हिन्दुधर्मावलम्बीले भगवान् श्रीरामको सम्झनामा रामनवमी पर्व भब्य रुपमा मनाउने गर्दछन । चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामको सम्झनामा 'रामनवमी' पर्व नेपाल, भारत लगायत हिन्दु धर्म मान्नेहरुले मनाउँछन । असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामको मन्दिरमा पूजापाठ गरिन्छ । जनकपुर स्थित रामजानकीको मन्दिरमा मेला भर्न नेपाल तथा भारतका नरनारीको घुइँचो लाग्छ। त्रेतायुगमा नवमी तिथिमा अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रुपमा विष्णुको अवतार लिएर भगवान् श्रीरामको जन्म भएको थियो । त्यही स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ। आजका दिन व्रत बसी श्री रामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा बैकुण्ठ वास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ।

अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौं अवतारका रूपमा जन्मेका श्रीरामले मिथिलाका राजा जनकको छोरी सीतासँग विवाह गरेपछि संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश गरेको वर्णन गर्ने गरिन्छ। मधेस प्रदेश सरकारले राम नवमीका दिन सार्वजनिक विदा दिएको छ। पितृ, मातृ भक्त, ठूलालाई आदर र सानालाई माया गर्ने आदर्श पुरुषका रुपमा रामले अयोध्यामा राज्य गरेकोले उनको शासनकाललाई अहिले पनि रामराज्यका रुपमा स्मरण गरिन्छ। सृष्टिमा दुर्जनको अन्त्य गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुले रामका रुपमा मनुष्यलोकमा जन्म लिएको भन्ने छ। रामकै जस्तो गुण प्राप्त होस् भन्ने कामनाले श्रीरामनवमी पर्व मनाउने गरिएको धर्मशास्त्रविद्हरु बताउँछन् । रामनवमीका दिन श्रीरामको व्रत, उपवास गरी पूजा, आराधना गर्नाले यो लोकमा सुख, शान्ति र परलोकमा सद्गति पाइने रामायणलगायत धर्मग्रन्थमा उल्लेख गरिएको छ । आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी मानव जातिलाई सत्यको मार्गमा लाग्न प्रेरणा दिएको सम्झनामा श्रीरामनवमी पर्व मनाउन थालिएको धार्मिक ग्रन्थमा उल्लेखछ। मर्यादा,सत्य र तपस्या को पर्यायको रुपमा श्रीरामलाई लिने गरिन्छ।

श्रीरामनवमीका अवसरमा चितवनको माडीस्थित अयोध्यापुरीमा सीतारमको मूर्ति प्रतिस्थापन गरिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा माडीमा राम सिताको मुर्ति प्रतिस्थापन गरिएका थिए। प्रतिस्थापनपछि पूजा आराधना, भजनकीर्तनलगायत कार्यकम हुने गरेको छ। २०७७ असारमा प्रधानमन्त्री ओलीले 'रामको जन्मभूमि' अयोध्यापुरीमा राम, सीता, लक्ष्मण र हनुमानका मूर्ति राख्ने घोषणा गरेका थिए। प्रधानमन्त्री ओलीले अयोध्या नेपालमा पर्ने र त्यहाँ राम, लक्ष्मण, सिताको मुर्ति राख्ने घोषणा पछि व्यापक चर्चा पाएको छ । माडीको धार्मिक पर्यटन प्रबर्द्धनमा सधाउ पुगेको छ । शुरुमा तत्कालीन प्रधानमन्त्री ओलीको अभिब्यक्तिको आलोचना गर्नेहरु अहिले माडीको भ्रमण गरेर धर्मावलम्बीको मन जित्न खोजेका छन।नेपालको पक्षमा बोल्ने आँट गर्नेलाई प्रोत्साहित गर्नुपर्नेमा उल्टै बिरोधमा उत्रने पनि माडीलाई मणिको रुपमा स्वीकार गर्नु रामनवमीको महत्व बढ्दै जानू हो । नेपालको ऐतिहासिक र मौलिक संस्कृति र पर्व माथि अतिक्रमण भइरहेको बेला हाम्रा मौलिक संस्कृति ,ऐतिहासिक धार्मिक मान्यतालाई जोगाउन रामनवमीले सधैं सत्मार्गमा लाग्न प्रेरित गर्नेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| ककर्ट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पुल मर्मत नहुँदा दुर्घटनाको जोखिम

**पर्वत**
पर्वत, १६ चैत

पर्वतको दक्षिण भेग र सदरमुकाम कुश्मा जोड्ने कुश्मा ज्ञादी झोलुङ्गे पुलको मर्मतसम्भार नगरिँदा दुर्घटनाको जोखिम बढेको छ।

पुल निर्माण भएको दुई दशक पुगिसक्दा पनि मर्मत गर्न सम्बन्धित निकायले चासो देखाएका छैनन् । पुलमा बिछ्याइएका फलामका डेक उप्कने नटबोल्ट खुकुलो हुने र कुनै कुनै ठाउँमा त नटबोल्ट नहुँदा दुर्घटनाको जोखिम बढेको स्थानीय बताउँछन् । झोलुङ्गे पुलमा मोटरसाइकल गुडाउँदा जोखिम झन बढेको छ । मोदी खोलामाथि रहेको एक सय ३५ मिटर उचाइ र तीन सय ४४ मिटर लम्बाइको सो झोलुङ्गे पुलमा दैनिक तीन सय बढी मोटरसाइकल ओहोरदोहोर गर्दै आएका छन् । "गाउँको कृषि उत्पादन बजार ल्याउनेदेखि आधा पर्वत रहेको दक्षिण भेगलाई कुश्मासँग जोड्न पुल निर्माण गरिएको हो", पुल संरक्षण समितिका अध्यक्ष शिव शर्मा पौडेलले भन्नुभयो, "पुलमा मोटरसाइकल गुडाउन लगाएको रोक हाम्रो प्रयासले मात्र सम्भव भएन ।" पुल संरक्षण समितिका अध्यक्ष शर्मा ले पुल मर्मतका लागि कुश्मा नगरपालिकामा धेरैपटक हारगुहार गरेको भए पनि सुनुवाई नभएको बताउनुभयो । "नगरभित्रको सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको हो", उहाँले भन्नुभयो, "जिल्ला विकास समिति हुँदा एकपटक बजेट ल्याएर पुलको सामान्य मर्मत गरेका थियौं तर स्थानीय सरकार बनेपछि कुनै ध्यान नै दिएको छैन ।" पर्वतकै पहिलो नमूना कुश्मा ज्ञादी झोलुङ्गे पुलले फलेवास नगरपालिका र तीन गाउँपालिका महाशीला, पैयुँ र बिहादीलाई सदरमुकाम कुश्मासँग जोडेको छ । एक घण्टाको बाटो उकालो र ओरालो गर्दै कुश्मा आउनुपर्ने झन्झट हटेर तीन मिनेटमा सीमित बनेको छ । यो पुलपछि सदरमुकाम कुश्मामा मात्रै थप चार अग्ला तथा लामा झोलुङ्गे पुल निर्माण भएका छन् । ती पुलको पनि मर्मतसम्भार हुन नसकेको स्थानीयले बताएका छन् । पुलका लठ्ठा, डेक, नट, बल्टुलगायत समयसमयमा प्राविधिक जाँच गर्नुपर्ने भए पनि तीनै तहका सरकारको ध्यान नपुगेको पुलका परिकल्पनाकार सूर्यप्रकाश पौडेलले बताउनुभयो । उहाँले हरेक वर्ष पुलको प्राविधिक चेकजाँच हुनुपर्नेमा वर्षौंसम्म पनि मर्मत नहुँदा दुर्घटनाको जोखिम बढेकोसमेत बताउनुभयो। पैदलयात्रा गर्ने पुलमा मोटरसाइकलसमेत सवार गराउँदा पुलको आयु कम हुँदै गएको उहाँको भनाइ रहेको छ । यता कुश्मा नगरपालिकाका नगरप्रमुख रामचन्द्र जोशीले सदरमुकाममा रहेका सबै पुलको प्राविधिक चेकजाँच गरी आवश्यक मर्मतसम्भारका लागि कार्यपालिकामा छलफल गरिने बताउनुभएको छ। नगरपालिकाका प्राविधिकलाई पुलको मर्मतका लागि आवश्यक कार्ययोजना निर्माण गर्न भनिएको उहाँको भनाइ रहेको छ। नगरको बजेटले सम्भव भएमा नगरकै र असम्भव भएमा प्रदेश र सङ्घमा माग गरिने बताउनुभयो।

सदरमुकाम कुश्मालाई ज्ञादीसँग जोड्ने कुश्मा–ज्ञादी झोलुङ्गे पुल, फलेवाससँग जोड्ने बडागाउँ–मुडिकुवा झोलुङ्गे पुल, बागलुङसँग जोड्ने बडागाउँ–कैया झोलुङ्गे पुल र खरेहा–अधिकारीफाँट गरी चार वटा अग्ला र लामा झोलुङ्गे पुल निर्माण गरिएपछि स्थानीयवासीलाई सहज हुनुका साथै आन्तरिक तथा बाह्य पर्यटकको समेत चहलपहल बढ्दै गएको छ।

# हिमालयन ट्राभल मार्ट जेठमा हुने

**रासस**
काठमाडौं, १६ चैत

पर्यटन प्रवर्द्धनका लागि आगामी जेठमा हिमालयन ट्राभल मार्ट आयोजना हुने भएको छ । प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा)नेपाल च्याप्टरको आयोजनामा चौथो संस्करणको मार्ट आगामी जेठ २३ देखि २६ सम्म आयोजना हुन लागेको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सो अवसरमा हिमालय क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि मार्ट कोसेढुङ्गा बन्नेमा विश्वास व्यक्त गर्नुभएको पाटा नेपालद्वारा बिहीबार जारी विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्री प्रचण्डले देशमा आर्थिक वृद्धि र अनेकन रोजगारीको अवसरहरु सिर्जना गर्न प्रचुर सम्भावना रहेको पर्यटन क्षेत्र मुलुकको अर्थतन्त्रको मेरुदण्ड भएको बताउनुभयो । नेपाललाई आकर्षक पर्यटन गन्तव्यका रुपमाविकास गर्न नेपाल सरकार प्रतिवद्ध रहेको पाटाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। उक्त लक्ष्य हासिल गर्नका लागिपूर्वाधार सुधार, सडक विमानस्थल र अन्ययातायात सुविधाको विकास र स्तरोन्नति, आवश्यक नीति सुधार, उड्डयन क्षेत्रको सुदृढिकरण, निजी क्षेत्र र व्यवसायी समुदायलाई प्रोत्साहनका लागि सरकारले काम गरिरहेको सन्देशमा उल्लेख छ । मार्टका आवश्यक पूर्वतयारी, अन्तर्राष्ट्रिय स्रोत बजारमा प्रचारप्रसार तथा व्यवस्थापन गरिरहेको पाटा नेपाल च्याप्टरका अध्यक्ष विभुतिचन्द ठाकुरले बताउनुभयो । उहाँका अनुसार हालसम्म ३० देशका ५० भन्दा बढी क्रेताहरु र २० वटा बिक्रेताहरूले सहभागिताका लागि दर्ता गरिसकेका छन्।

# सात पत्रकार पुरस्कृत

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ चैत




नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाले ६८औं स्थापना दिवसका अवसरमा बिहीबार राष्ट्रिय समचार समिति (रासस) मा कार्यरत तनहुँका संवाददाता सानेबहादुर नेपालीलाई पुरस्कृत गरेको छ।

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले उहाँलाई पुरस्कृत गर्नुभएको हो । पत्रकार एवं वरिष्ठ अधिवक्ता कमलामोहन वाग्लेद्वारा स्थापित चिरञ्जीवी–हरिमाया स्मृति पत्रकारिता पुरस्कारबाट नेपालीलाई सम्मान गरिएको हो। पुरस्कारको राशि रु १० हजार एक सय ११ छ। सो अवसरमा पत्रकार नेपालीसहित जिल्लाका सात पत्रकारलाई विभिन्न पुरस्कारबाट पुरस्कृत गरिएको हो । महासङ्घ तनहुँ शाखाका पूर्वअध्यक्ष मुक्तिनाथ खनालद्वारा स्थापित रु १५ हजार राशिको पुरस्कार पत्रकार विश्वबन्धु भण्डारीलाई प्रदान गरियो । इञ्जिनियर हरिभक्त भट्टराई स्मृति पुरस्कार महासङ्घ तनहुँका पूर्वअध्यक्ष डम्बरबहादुर अधिकारी, भोर्लेली केवलबहादुर स्मृति पुरस्कार महासङ्घ तनहुँका पूर्वअध्यक्ष प्रकाशचन्द्र भट्टराई र रणबहादुर चिजाकुमारी–सुरज गुरुङ स्मृति पुरस्कार नेपाल पत्रकार महासङ्घ तनहुँका निवर्तमान अध्यक्ष ओमकार आचार्यलाई प्रदान गरिएको छ। अधिकारी र भट्टराईलाई नगद रु १०–१० हजार र आचार्यलाई नगद रु पाँच हजार पुरस्कार प्रदान गरिएको छ। त्यसैगरी टिकानिधि ढुङ्गाना व्यास पराशर पत्रकारिता पुरस्कार नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश उपाध्यक्ष सोनी शर्मा, पत्रकार स्व पुरुषोत्तम काफ्ले स्मृति युवा पत्रकारिता पुरस्कार पवन पौडेललाई प्रदान गर्ने निर्णय भएअनुरुप पुरस्कृत गरिएको तनहुँ शाखाका सचिव प्रताप रानाले बताउनुभयो। शर्मा र पौडेललाई रु १० हजार सहित पुरस्कृत गरिएको हो।

# प्रदेशमा कांग्रेस नेतृत्वको सरकार बने जनताले महसुस गर्ने काम गर्छौं : नेता पाण्डे

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ चैत

नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलका नेता सुरेन्द्र पाण्डेले प्रदेशको नेतृत्व कांग्रेसले गरे जनताले महसुस हुने गरी विकासका काम गर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस बागलुङले बिहीबार आयोजना गरेको विपी स्मृति भवन शिलान्यास कार्यक्रममा नेता पाण्डेले सरकारप्रति जनअपेक्षा बढेको बताउनुभयो । उहाँले कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि जनताप्रति उत्तरदायी भएर काम गर्नुपर्नेमा जोड दिनुभयो। अब छिट्टै केन्द्रदेखि प्रदेशसम्म गठबन्धन गरेर चुनाव लडेका पार्टीहरूको सरकार आउने भन्दै गण्डकीमा कांग्रेसले नेतृत्व लिने उहाँको दावी थियो । नेता पाण्डेले भन्नुभयो, "चुनावपछि गठबन्धनमा विभिन्न समस्या आए तर दुई महिना नबित्दै पुनः हामी सबै एक ठाउँमा उभिएका छौं, सँगै चुनाव लड्यौं, जनताका माग र समस्या समाधान गर्ने बाचा गर्‍यौं, अब जनताका माग पूरा गर्न हामीहरू लाग्छौं ।"

उहाँले पार्टी सङ्गठन बलियो बनाउन जनस्तरबाटै लाग्नुपर्नेमा जोड दिनुभयो । समय–समयमा जनतामाझ पुग्ने र उनीहरूको सुख, दुःख र समस्या बुझ्न नेता कार्यकर्तालाई उहाँले आग्रह गर्नुभयो।

# बन्दीपुर केबलकारको आइपिओ निष्कासन हुँदै

**पोखरापत्र संवाददाता**
दमौली, १६ चैत

तनहुँको बन्दीपुर गाउँपालिकामा निर्माणाधीन बन्दीपुर केबलकारले आइपीओ निष्कासन गर्ने भएको छ । बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडले प्राथमिक शेयर निष्कासनका लागि नेपाल एसबिआई मर्चेण्ट बैङ्किङ लिमिटेडसँग सम्झौता गरेको छ । लिमिटेडको प्रतिशेयर रु एक सय दरका २५ लाख ८० हजार कित्ता शेयर निष्कासन गर्न लागेको हो । आइपीओ निष्कासनका लागि बुधबार नेपाल एसबिआई मर्चेण्ट बैङ्किङ लिमिटेडका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत देवराज अधिकारी र बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माबीच धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ।

कूल रु तीन अर्ब ४९ करोड लागत रहेको कम्पनीको चुक्ता पुँजी रु दुई अर्ब पन्ध्र करोड छ । चुक्ता पुँजीको दुई प्रतिशत अर्थात् रु चार करोड ३० लाख बराबरको साधारण सेयर परियोजना प्रभावित स्थानीयलाई छुट्याइनेछ भने दश प्रतिशत अर्थात रु २१ करोड ५० लाख बराबरको शेयर सर्वसाधारणलाई छुट्याइने छ। परियोजना निर्माण विसं २०७६ साउन ४ मा सुरु भएको थियो। कम्पनीले केबलकार, पाँच तारे होटल, जीप लाइन, बन्जी जम्प, क्यान्टि लिभर सहितको सिसाको पुल, क्विन टावर लगायतका पूर्वाधार निर्माण गर्दैछ। कम्पनीले विसं २०८० वैशाख २५ गते केबलकार सञ्चालनका लागि परीक्षण गर्ने तयारी थालेको छ भने पाँच तारे होटल आगामी मङ्सिरमा सञ्चालन गर्ने कम्पनीको तयारी छ । बन्दीपुर गाउँपालिका–४ ठुल्दुङ्गादेखि बरालथोकसम्म पुग्छ। केवलकार एक किलोमिटर लम्बाइको हुनेछ।


## पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयद्धारा नेपाल वृन्दावन धामको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लागि सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/१७)

**गण्डकी प्रदेश, कास्की जिल्लाको पोखरा महानगरपालिका, वडा नं. २४ मा पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।**

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नयाँ सडक, पोखरा |
| प्रस्तावको व्यहोरा | गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. २४ मा नेपाल वृन्दावन धामको निर्माण तथा संचालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला, स्थानीय तह | कास्की जिल्लाको, पोखरा महानगरपालिका वडा नं. २४ |
| जग्गाको कित्ता नं. | पोखरा महानगरपालिका वडा नं. २४ (साविकको कास्कीकोट गा.वि.स. वडा नं. ०८) को कित्ता नं. २२० को ७२४.५.३.३ जग्गा मध्य ९५ रोपनी क्षेत्रफल |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक–आर्थिक तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**
१. श्री पोखरा महानगरपालिका, न्यूरोड पोखरा
२. श्री पोखरा महानगरपालिका वडा नं. २४ को कार्यालय
३. श्री ग्रिन हेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा.लि., बानेश्वर, काठमाण्डौ, मो. ९८४६४०४११८

